नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको समुपस्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दूरसञ्चार क्षेत्रको सुधार सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिकमका पदाधिकारीहरूसँग छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले विकासशील राष्ट्रमा स्तरोन्नती हुन र सन् २०३० भित्र दिगो विकास लक्ष्य प्राप्ति गर्नका लागि सञ्चार क्षेत्रमा तद्अनुरुपका नीतिगत, कानूनी तथा संरचनागत सुधार गरी परिणामउन्मुख हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

पूर्वाधार र प्रविधि सबैका लागि पुऱ्याई स्मार्टसिटीको अवधारणलाई मूर्तरुप दिन 4G सेवा विस्तारका साथै अनलाइन प्रणाली व्यवहारमा ल्याउनु पर्ने र नेपाल टेलिकम नाफामूलक मात्र नभई सेवामूलक संस्थासमेत भएकोले नाफाका साथै गुणस्तरीय सेवा पुऱ्याउनुपर्ने तर्फ वहाँले जोड दिनुभयो ।

कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, ब्यापार एवं वाणिज्य लगायतका क्षेत्रमा दुरसञ्चार प्रविधिको प्रयोग गरी दुरसञ्चार सेवालाई गुणस्तरीय, भरपर्दो, विश्वसनीय बनाउन समेत सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनुभयो । अनियमितता र चुहावट रोकी भ्रष्टाचारमा संलग्नहरुलाई निर्ममतापूर्बक कारवाही गर्नका लागि सुधारको सुरुआत आफैंबाट गर्न पनि सम्माननीय प्रधानमन्त्रीज्यूले निर्देशन दिनुभएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूका मूख्य सल्लाहकार, माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुल बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, नेपाल टेलिकमका प्रबन्ध निर्देशक लगायतको उपस्थिति थियो ।

बैशाख १४, २०७५

विनोद बहादुर कुँवर
सहसचिव/प्रबक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np